# मण्डनदेउपुर नगरपालिका
**MANDANDEUPUR MUNICIPALITY**
नगर कार्यपालिकाको कार्यालय
**Office of the Municipal Executive**
महादेवस्थान
**Mahadevsthan**

०११४१२११२
०११४१२११३
०११४१२११४

Kavrepalanchok
३ नं प्रदेश
3 No. Province, Nepal


पत्र संख्या : २०७५/०७६
चलानी नं. :- १५५८

मिति: २०७६/११/११

**विषयः विज्ञप्ति प्रकाशन गरिएको**

यस मण्डनदेउपुर नगरपालिकाको नामसँग जोडेर मण्डनदेउपुर नगरपालिका परिवार, मण्डनदेउपुर नगरपालिका, मण्डनदेउपुर फेमिलि, मण्डनदेउपुर जस्ता विभिन्न फेसबुक आई.डी. तथा फेसबुक पेजहरु लगायतका सामाजिक सञ्जालमा अनधिकृत रुपमा गत केही दिन देखि राष्ट्रिय व्यक्तित्व, राजनीतिक व्यक्तित्व तथा समाजका विभिन्न क्षेत्र र पेशामा रहेका व्यक्ति तथा संस्था प्रति लक्षित गरि प्रत्यक्ष तथा परोक्ष रुपमा गालीगलौज र अनर्गल प्रचार प्रसार गरेको विषय प्रति यस नगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ। नगरपालिकाको आधिकारिक अफिसियल वेव साइट, आई.डी. र पेज बाहेक अन्य यी किसिमका कुनै पनि आई.डी. तथा पेजहरु नभएकोले भ्रममा नपर्नु हुन र यस किसिमका अनधिकृत पेजहरुमा उल्लेखित समाचार तथा स्टाटसमा नगरपालिकाको कुनै पनि सम्बन्ध नरहेको व्यहोरा सबैमा स्पष्ट गर्न चाहन्छौं। साथै नगरपालिकाको नामसँग जोडिएका यस किसिमका पेजहरु तत्काल बन्द गर्न हुन सम्बन्धित सबैमा जानकारी समेत गराइन्छ। यस विज्ञप्तिलाई बेवास्ता गरी प्रकाशन गर्ने तथा सामाजिक सञ्जालमा अनर्गल सामग्रीहरु राख्ने कार्य गरेमा साइबर अपराध कानुन अन्तरगत कारवाहीका लागि सम्बन्धित निकायमा लेखि पठाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ।

२०७६।११।११
(प्रणराज न्यौपाने)
**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत